वर्ष २६ । अङ्क २१९ । वि.सं. २०७४ चैत ४ आइतबार । 18 March 2018, Sunday । मूल्य रु. ३/- । पृष्ठ ४ । www.bibechana.com

# दैनिक विवेचना
BIBECHANA DAILY

तपाईंको क्षेत्र, तपाईंकै अखबार



बिर्तामोड र काँकरभिट्टा विजयी

२


## नेल आर्ट र व्यूटीसियन ट्रेनिङमा नि: शुल्क भर्ना

CTEVT बाट मान्यताप्राप्त २३ वर्षदेखि नेपालकै एक मात्र अन्तर्राष्ट्रिय व्यूटीसियन कोर्षहरुमा काठमाडौंका ब्यूटिसियनहरुद्वारा प्रशिक्षण गराइन्छ । Basic, Advance Diploma, Beautician , Teacher's Trainning, Nail Art Technician, Mehandi, Skin Care, Hair Cutting, Facial र अन्य विधि Short Special कोर्षहरुका सीमित सिटमा रोजगारीको अवसरसहित भर्ना खुल्यो ।



नोट : UK, America, Australia, Europe तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष सञ्चालन भइरहेका छन् ।

### ITC प्रशिक्षण केन्द्र

शाखा : बिर्तामोड, शनिश्चरे रोड (०२३-५४६५२९, ९८४२१४२७७३)
डिल्लीबजार हुलाक अगाडि ०१-४४१३९५८, शाखा इटहरी धरानरोड ( ०२५-५८७१७५)


# झापाबाट सामुहिक आँखादान राष्ट्रिय अभियान

**बिर्तामोड, चैत ३ ।** अप्टिमिष्ट नेपालअन्तर्गत अप्टिमिष्ट क्लब अफ झापाको आयोजनामा सामुहिक आँखादान राष्ट्रिय अभियान झापाबाट सुरू गरिने भएको छ ।

आँखा जीवन हो भन्ने भनाइलाई आत्मसात गर्दै एकजनाको आँखाको नानी दानले दुईजना दृष्टिविहीनले उज्यालो संसार देख्न सकिने भएकोले झापामा पहिलोपटक उक्त कार्यक्रम ल्याइएको अप्टिमिष्ट क्लब अफ झापाका अध्यक्ष खगेन्द्र ओलीले जानकारी दिए ।

आगामी चैत २४ गते झापाको बिर्तामोडमा अभियानको उद्घाटन गरिने बताउँदै अध्यक्ष ओलीले उक्त अभियानलाई सार्थक बनाउन सबैलाई आग्रह समेत गरे । मृत शरीरको आँखा मात्र कसैका लागि उपयोगी हुनसक्ने भएको र आँखा दान जस्तो सार्थक दान अरू केही हुन नसक्ने भएको बताउँदै अध्यक्ष ओलीले मरणोपरान्त दान गरिएको उक्त आँखा दृष्टिविहीनलाई प्रत्यारोपण गरिने जानकारी दिए ।

मेची आँखा अस्पतालको प्राविधिक सहयोगमा हुने उक्त कार्यक्रम झापामै पहिलोपटक गरिन लागिएको उनले बताए । आगामी चैत २४ गते बिर्तामोडमा औपचारिक कार्यक्रममार्फत सुरू गरिने उक्त अभियान देशैभर सञ्चालन गरिने उनले बताए ।

मानवको शरीरको महत्वपूर्ण अंगमध्ये आँखा पनि एक भएकोले उज्यालो संसार नदेख्नेहरूलाई उज्यालो संसार देखाउने आफूहरूको कर्तव्य भएकोले उक्त कार्यक्रमको आयोजना गरिएको बताउँदै अध्यक्ष ओलीले आँखादान गर्नुभन्दा अगाडि



आँखा इच्छापत्र फारम भर्नुपर्ने र जसका लागि परिवारको अनिवार्य स्वीकृति लिनुपर्ने व्यवस्था भएको समेत जानकारी दिए । उनले अभियानलाई सफल बनाउन विभिन्न उपसमितिहरू समेत गठन गरिएको जानकारी दिए ।

संस्थाका उपाध्यक्ष निरज ढुंगेलको संयोजकत्वमा आर्थिक उपसमिति, मुकुन्द दाहालको संयोजकत्वमा आँखादानको इच्छापत्र संकलन उपसमिति राम काफ्लेको संयोजकत्वमा अतिथि सत्कार उपसमिति, दिपक मिश्रको संयोजकत्वमा प्रचारप्रसार उपसमिति गठन गरिएको जानकारी दिए ।

संस्थाले गरिब तथा विपन्न समुदायका निःशुल्क मोतियाविन्दुको शल्यक्रिया गराउने बताउँदै संस्थाका अध्यक्ष ओलीले प्रत्येक वर्ष १२ जनाको संस्थाको सम्पूर्ण खर्चमा निःशुल्क मोतियाविन्दुको शल्यक्रिया गरिने जानकारी दिए ।

एक वर्षअघि काठमाडौँमा स्थापना भएको अप्टिमिष्ट नेपालअन्तर्गत गत माघ १८ गते अप्टिमिष्ट क्लब अफ झापा गठन गरिएको हो ।

खगेन्द्र ओलीको अध्यक्षतामा गठन भएको संस्थाको उपाध्यक्ष निरल ढुंगेल, सचिव राम काफ्ले, सहसचिव राजन नेपाल, कोषाध्यक्ष युवराज मैनाली रहेका छन् । त्यस्तै, सदस्यहरूमा माधव लम्साल, गोविन्द सिलवाल, हेमराज श्रेष्ठ, सागर सिलवाल रहेका छन् ।

संस्थाको मुख्य कार्यालय अमेरिकाको सेन्ट लुइसमा रहेको र नेपालमा काठमाडौँ, झापा, विराटनगर, लुम्बिनी र पोखरामा कार्यालय रहेको बताइएको छ ।

## उपराष्ट्रपतिमा नन्दबहादुर निर्विरोध



**काठमाडौँ, चैत ३ ।** उपराष्ट्रपतिमा नन्दबहादुर पुन निर्विरोध भएका छन् । शनिबार दिउँसो २ बजेसम्मको समयसीमामा उनको मात्र एकल उम्मेदवारी परेकाले पुन निर्विरोध भएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

राष्ट्रपतिमा उम्मेदवारी दिएको प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले उपराष्ट्रपतिका लाागि भने उम्मेदवारी दिएन । सत्ताको नेतृत्वकर्ता दल एमालेको प्रस्ताव र माओवादी केन्द्रको समर्थनमा पुनले उम्मेदवारी दर्ता गराएका हुन् । उनी बहालवाला उपराष्ट्रपति समेत हुन् । उनको प्रस्तावकमा सुवास नेम्वाङ, पम्फा भुसाल, भानुभक्त ढकाल, रेखा शर्मा र पर्शुराम नेगी गुरूङ छन् । समर्थकमा देव गुरूङ, ओनसरी घर्ती, जयपुरी घर्ती, रामनारायण विडारी र राजेन्द्रप्रसाद गौतम रहेको छन् ।



### खासखुस

"दैनिकजसो हुने दर्जनौं औपचारिक कार्यक्रममा प्रमुख अतिथि डाकेर आयोजकले भिराएको बिल्ला पिनले कपडामा छेड्दा छेड्दा जनप्रतिनिधि हत्तु हैरान हुँदैछन् अरे पो भन्छन् त !"

"हो र ?"


भिजन हाउजिङ
जग्गा खरिद बिक्री गर्नु परेमा सम्पर्क
९८५२६७७२२२/९८०२६७७२२२
९८०४९१७०५५


## झापाकी पहिलो महिला सम्पादक वेदकुमारीलाई सम्मान

**बिर्तामोड, चैत ३ ।** नारी सञ्चार गृह झापाको पद हस्तान्तरण तथा सम्मान कार्यक्रम शनिबार झापाको बिर्तामोडमा सम्पन्न भएको छ ।



गत माघ २५ गते सम्पन्न अधिवेशनबाट निर्वाचित नयाँ नेतृत्वलाई पद हस्तान्तरण गरिएको हो । नारी सञ्चार गृहकी निवर्तमान अध्यक्ष सावित्रा दाहालले नवनिर्वाचित अध्यक्ष अम्बिका भण्डारीलाई संस्थाको माइन्युट तथा खाता हस्तान्तरण गर्दै पद हस्तान्तरण गरेकी थिइन् । भवानी क्षेत्रीको संयोजकत्वमा इन्दु

बाँकी पृष्ठ ४ मा









## ओडीआई मान्यता पाएकोमा बिर्तामोडमा खुशियाली

नेपालले पहिलोपटक अन्तर्राष्ट्रिय एक दिवसीय क्रिकेट मान्यता पाएको खुशियालीमा बिर्तामोड मुक्तिचोकमा शनिबार साँझ दिप प्रज्ज्वलन गरिँदै । कार्यक्रम युनाइटेड क्रिकेट एकाडेमी र लालीगुराँस एकाडेमी बिर्तामोडको संयुक्त आयोजनामा भएको हो । सडकमा नेपालको नक्सा दीप प्रज्वलन गरिएको कार्यक्रममा दुवै एकाडेमी संस्थापक हितेन्द्रमान श्रेष्ठ र विनित बाँस्तोलालगायत क्रिकेटप्रेमीको सहभागिता रहेको थियो ।

# सिम्रिकको वार्षिकोत्सवमा रक्तदान

**बिर्तामोड, चैत ३ ।** सिम्रिक बचत तथा ऋण सहकारी संस्था बिर्तामोडले पत्रकार सम्मान तथा रक्तदान कार्यक्रमको आयोजना गरी शनिबार आफ्नो सातौँ वार्षिकोत्सव मनाएको छ ।

बिर्तामोड नगरपालिकाका प्रमुख ध्रुवकुमार शिवाकोटीको प्रमुख आतिथ्यमा सम्पन्न वार्षिकोत्सव समारोहमा सहकारी क्षेत्रमा केन्द्रित रहेर टेलिभिजन कार्यक्रम उत्पादन र सञ्चालन गर्दै आएका बिर्तामोडका पत्रकार गोपाल काफ्लेलाई नगद पुरस्कारसहित सम्मान गरिएको हो । पत्रकार काफ्ले साझामञ्च डट कम अनलाइनका सम्पादक तथा सूर्योदय टेलिभिजनबाट प्रसारण गरिँदै आएको साझा सहकारी मञ्च कार्यक्रमका प्रस्तोता हुन् । नगद सात हजार १०० रूपैयाँसहित वर्ष उत्कृष्ट सहकारी पत्रकारिता पुरस्कार सिम्रिक साकोसले गत वर्षदेखि प्रदान गर्न थालेको हो ।

वार्षिकोत्सवको अवसरमा आयोजित रक्तदान कार्यक्रममा ९२ पिन्ट रगत संकलन भएको संस्थाका तालिम विभाग प्रमुख विजय बस्नेतले जानकारी दिए । नेपाल रेडक्रस सोसाइटी बिर्तामोड उपशाखाको प्रविधिक सहयोगमा सम्पन्न रक्तदान भएको हो ।

संस्थाका अध्यक्ष कमलबहादुर बस्नेतको अध्यक्षतामा आयोजित समारोहमा उनले संस्थाको वर्तमान वित्तीय अवस्थाका बारेमा अवगत गराउँदै सामाजिक क्षेत्रमा सिम्रिकले गर्दै आएको कामका बारेमा जानकारी दिए । उनका अनुसार सिम्रिक साकोसमा अहिले १५ हजार हाराहारी सेयर सदस्य रहेका छन्, जहाँ करिब चार करोड रूपैयाँ हाराहारीको शेयर पुँजी रहेको छ । त्यस्तै, २८ करोडभन्दा बढी निक्षेप मौज्दात रहेको तथा ४१ करोड रूपैयाँ लगानी रहेको छ ।

सिम्रिकका १२ वटा कार्यालयमा १०७ जना कर्मचारी कार्यरत रहेको जानकारी गराउँदै अध्यक्ष बस्नेतले संस्थाले सदस्यसँग आर्थिक कारोबार मात्र नगरी अभिभावकत्व पनि निभाउँदै आएको बताए । संस्थाका सचिव सुवास भट्टराईले सञ्चालन गरेको कार्यक्रममा नगर प्रमुख शिवाकोटी, नेपाल अलैँची व्यवसायी महासंघका अध्यक्ष निर्मल भट्टराई, बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराई र नेपाल उद्यमशील महिला महासंघ झापाका अध्यक्ष पार्वता खरेल विमली, इलाका प्रहरी कार्यालय अनारमनीका प्रमुख कृष्णप्रसाद कोइरालाले आफ्ना धारणा राखेका थिए ।

कार्यक्रममा सुरुङ्गाका महिलाहरूले चण्डी नाच प्रस्तुत गरेका थिए भने सविता भट्टराईले सहकारी कविता प्रस्तुत गरिन् र मेलिना मैनालीले गीत गाएर सुनाइन् ।

### झापाकी...

पूर्वेली र लीला अनमोल सदस्य रहेको निर्वाचन समितिले सर्वसम्मत नेतृत्व चयन गरेको हो । अम्बिका भण्डारीको नेतृत्वमा गठित समितिको उपाध्यक्षमा भीमा शिवाकोटी, सचिवमा रेजिना गौतम, सहसचिवमा स्वस्तिका आचार्य, कोषाध्यक्षमा सुशीला संग्रौला रहेका छन् भने सदस्यहरूमा ज्योत्स्ना श्रेष्ठ, भूमिका सुब्बा र राधा खनाल रहेका छन् । भूगोल र जातजातिको आधारमा नयाँ समितिले केही सदस्य थप गर्ने बताइएको छ ।

सोही अवसरमा २०२६ सालमा प्रकाशक/सम्पादकको भूमिका निर्वाह गर्दै झापाली पत्रकारितामा कलम चलाउने पहिलो महिला पत्रकार वेदकुमारी रेग्मीलाई नगद पुरस्कार, सम्मानपत्र र दोसल्ला अर्पण गर्दै सम्मान गरिएको थियो । कमल गाउँपालिकाकी अध्यक्ष मेनुका काफ्लेको प्रमुख आतिथ्य र नारी सञ्चार गृहका निवर्तमान अध्यक्ष दाहाल तथा नवनिर्वाचित अध्यक्ष भण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा काफ्ले, विशिष्ट अतिथि तथा नेपाल पत्रकार महासंघका संस्थापक महासचिव चन्द्र भण्डारी, नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष एकराज गिरी, बिर्तामोड नगरपालिकाका उपप्रमुख पवित्रा महतारा प्रसाईं, सम्मानित व्यक्तित्वका तर्फबाट भाषाविद् चूडामणि रेग्मी, नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालगायतले शुभकामना मन्तव्य राखेका थिए ।

शुभकामना राख्ने अधिकांश वक्ताहरूले सामाजिक विषयवस्तु र खोजमुलक समाचारलाई प्राथमिकता दिँदै न्यायमा आधारित पत्रकारिता गर्नुपर्नेमा जोड दिएका थिए । भीमा शिवाकोटीले स्वागत गरेको कार्यक्रमको सञ्चालन इन्दु पूर्वेलीले गरेकी थिइन् ।

# समाज परिवर्तनमा नेप्लिज टिन्स

**बिर्तामोड, चैत ३ ।** तीन वर्षअघि बिर्तामोडमा स्थापित नेप्लिज टिन्स झापामा मात्रै केन्द्रित छैन । हालसम्म यो संस्थाको सञ्जाल मुलुकभरि पुगिसकेको छ र ८० हजारभन्दा धेरै तन्नेरी र युवाहरू नेप्लिज टिन्समा आवद्ध छन् ।

टिन्स (१३ देखि १९ वर्ष) हरूले केही गर्न सक्दैनन् र उनीहरूलाई जिम्मेवारी दिनु हुँदैन भन्ने समाजमा रहेको भ्रम चिर्न संस्थाको स्थापना भएको संस्थापक अध्यक्ष मनिष बस्नेतले बताए । समाजमा रचनात्मक र उत्प्रेरक काम गर्दै आएको संस्थाले शनिबार एक कार्यक्रमको आयोजना गरी बिर्तामोडमा कार्यालय स्थापना गरेको छ । बिर्तामोडका नगर प्रमुख ध्रवकुमार शिवाकोटी र सामाजिक अभियान्ता सहारा नेपालका प्रमुख कार्यकारी अधिकृत महेन्द्रकुमार गिरीले नेप्लिज टिन्सको कार्यालयको उद्घाटन गरे ।

संस्था स्थापनायता झन्डै ५० लाख रूपैयाँ संकलन गरेर परोपकारी काममा खर्च गरिएको बस्नेतले जानकारी दिए । 'संस्थाले ब्रेन ट्युमर, ब्लड क्यान्सर, पाठेघरको क्यान्सर, मिर्गौलालगायतका दर्जनौं रोगीलाई बचाएको छ', बस्नेतले भने, 'चिया, पानी,



मःमः बेच्नेदेखि कन्सर्ट गरेर हामीले पैसा उठाएका छौँ ।' नेप्लिज टिन्सले प्रत्येक शनिबार बिर्तामोडचोक सरसफाई समेत गर्दै आएको छ ।

त्यस्तै, संस्था स्थापना भएको दिन भदौ १० गते ब्लड क्यान्सर रोगीबाट निधन भएकी दिपिका लिम्बूको स्मृतिमा बृहत रक्तदानसमेत गर्ने गरेको बस्नेतले जानकारी दिए । सबैभन्दा धेरै रक्तदान गर्ने संस्थामा उत्कृष्ट हुँदै नेप्लिज टिन्स नेपाल रेडक्रस सोसाइटीबाट सम्मानित भइसकेको छ ।

नेप्लिज टिन्सले यसअघि सिन्धुपाल्चोकमा धुर्मस सुन्तली फाउन्डेसनको अभियानमा श्रमदानसमेत गरेको थियो । संस्थाले बाढी प्रभावित र जाडो प्रभावितलाई लत्ता कपडा र अन्य आवश्यक सामग्र पनि वितरण गर्दै आएको छ ।

झापाको बिर्तामोडबाट सुरु भएको संस्था विस्तारको अभियान देशैभरि सञ्जाल निर्माण गर्ने उद्देश्य राखिएको छ । नेप्लिज टिन्स देशभरिका युवा संस्थामध्ये उत्कृष्ट पाँचभित्र पर्न सफल भइसकेको छ । 'सबैभन्दा मुख्य कुरा संस्थाका सदस्यको एकता, परोपकारी मन र स्वच्छ भावना हो', बस्नेत भन्छन्, 'समाज बदल्ने भनेकै हाम्रो उमेर समूहले हो ।' यही उमेरबाटै समाजप्रति उत्तरदायी भइयो भने मात्रै जीवन सार्थक बन्ने संस्थाको थिम छ । त्यही भएर संस्थाले परिवर्तनका लागि सँगसँगै नारा तय गरेको छ ।

कार्यालय उद्घाटन कार्यक्रममा अतिथि गिरीले नेप्लिज टिन्सलाई झापा गोल्डकपले २५ हजार रूपैयाँ सहयोग गर्ने बताए । उनले आफ्नो निःस्वार्थ उद्देश्यमा विचलित नहुन नेप्लिज टिन्सका सदस्यलाई आग्रह गरे । हालै सम्पन्न तेस्रो झापा गोल्डकपको कार्यक्रम व्यवस्थापनको जिम्मेवारी नेप्लिज टिन्सलाई दिइएको थियो । उनीहरूको कामबाट आफूहरू सन्तुष्ट रहेको गिरीले बताए । शनिबारको कार्यक्रमको संयोजन रिजु चौहान र अनिश संग्रौलले गरेका थिए ।

# विज्ञान प्रयोगात्मक प्रशिक्षण

**अर्जुनधारा, चैत ३ ।** अर्जुनधारा नगरपालिका शिक्षा शाखाको आयोजना र अक्सफोर्ड एकाडेमिक सेन्टर प्रालि बिर्तामोडको सहजीकरणमा दुई दिने विज्ञान प्रयोगात्मक प्रशिक्षण शनिबार सम्पन्न भएको छ ।

संस्थागत विद्यालय संगठन नगरका संयोजक रूद्रप्रसाद सिटौलालको अध्यक्षतामा आयोजित कार्यक्रमको प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाका शिक्षा प्रमुख जानुका गुरागाईं रहेकी थिइन् । सो अवसरमा तालिमको औचित्य प्रस्ट्याउँदै अर्जुनधारा नगरपालिका झापामै शिक्षाको क्षेत्रमा नमुना बनाउने शिक्षा प्रमुख गुरागाईंले उद्घोष गरिन् । लेखक तथा प्रशिक्षक तीर्थराज ढकाल प्रशिक्षक रहेको कार्यक्रममा नगरपालिकाभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयअन्तर्गतको आधारभूत र माध्यमिक तहका विज्ञान विषय अध्यापन गराउने ३८ जना शिक्षकको सहभागिता रहेको थियो ।

विज्ञान सिकाईसम्बन्धी सामग्री समेत वितरण गरिएको थियो । तालिममा भौतिक विज्ञान, रासायनिक विज्ञान र जीव विज्ञानका ३१ वटा अभ्यास गराइएको छ । प्रशिक्षार्थीहरू लक्ष्मीप्रसाद खतिवडा, सिर्जना रोक्का, राम बर्देवा, रञ्जु अधिकारी, सुलभ मैनालीलगायतले प्रभावकारी तालिमबारे आफ्ना धारणा राखेका थिए । कार्यक्रमको सञ्चालन केशव मैनालीले गरेका थिए ।

**बिना अप्रेसन बिना साइड इफेक्ट सफल उपचार**

**ढाड, कम्मर, गर्दन, घुडा दुख्ने, नशा च्यापिएको (डिक्स प्रोल्यास) प्यारालाइसिस, हड्डी खिइएको, हातखुट्टा झम्झमाउने, कुम जाम भएको, लाटो हुने समस्याको आयुर्वेदिक तथा फिजियोथेरापी पद्धतिद्वारा उपचार गरिन्छ**, साथै, पाइल्स, पिनास, कब्जियत, ग्याष्ट्रिक, महिला रोगसम्बन्धी समस्या चाया, पोतो, खोकी, माइग्रेन , तनाव, छातीको दाग, दम आदि समस्याको आयुर्वेदिक, विशषज्ञबाट दैनिक चेक जाँच तथा उपचार गरिन्छ ।

सम्पर्क : **बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
पुरानो यातायात दक्षिण, कोल्ड स्टोर छेऊ
023-541466| 9806000313

## वर्गीकृत डिस्प्ले

**पार्लर बिक्रीमा**
बिर्तामोड भद्रपुररोडस्थित अम्ब्रेला हाउस नजिकै चालु अवस्थामा रहेको सामानसहितको पार्लर बिक्रीमा रहेकाले इच्छुकले सम्पर्क गर्नुहोला ।
9807975481

**पार्लर बिक्रीमा**
बिर्तामोड अदुवाखोला पश्चिम नयाँ बजारमा चालु अवस्थामा रहेको यूनिक ब्युटी पार्लर सामानसहित बिक्रीमा रहेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
9824045728

**बिर्तामोडमा**
MONTESSORI & ECD TRAINING
Contact :
PURWANCHAL MONTESSORI & ECD TEACHARS TRAINING CENTER
9843651052, 9814937686, 9844694188

Himstar टिप-टप Offer
अब कुनै पनि Himstar वासिङ्ग मेसिनको खरिद्मा पाउनुहोस् Himstar STEAM IRON FREE !!
HS-10xQG9DIG
Capacity : 10 KG
Price : Rs. 68,290/-
HS-65Q7FIG Capacity : 6.5 KG Price : Rs 47,290/-
HS-75F7FLG Capacity - 7.5 KG Price : Rs. 52,490/-
HS-75J8TLG Capacity - 7.5 KG Price : Rs. 32,590/-
महेन्द्ररत्न स्टोर्स बिर्तामोड
फोन : ०२३-५४३३०१, ५४३६२८, प्रशान्त भण्डारी : ९८५२६७३०३२ । ९८०२६७३०३२

**हार्दिक निमन्त्रणा**

अनन्त श्री विभुषित महामण्डलेश्वर स्वामी हेमानन्द गिरीजी महाराज

राष्ट्र शान्ति, विघ्न निवारण तथा कार्यसिद्धीको पवित्र कामना सहित आचार्य पं. श्री पारसमणी ढकाल ज्यूको प्रमुख व्यासत्व तथा आचार्य पं. हेमलाल सापकोटा ज्यूको उपव्यसत्वमा यस पाउ पाथिभरा मन्दिर परिसरमा मिति २०७४ चैत्र ४ गतेबाट ११ गते समापन हुने गरी आयोजित श्री गणेश पुराणको समुद्घाटन कार्य अनन्त श्री विभुषित महामण्डलेश्वर स्वामी हेमानन्द गिरीजी महाराज ज्यूका वरद बाहुलीबाट हुने निश्चय भएको हुँदा उक्त समुद्घाटन कार्यक्रममा साथै पुराण अवधिभर स-परिवार उपस्थित भई धार्मिक ज्ञान तथा पुण्य आर्जन गर्न हुन समस्त समादरणीय धर्मानुरागी महानुभावहरुमा हार्दिक निमन्त्रण गर्दछौं ।

आयोजक
**श्री पाउ पाथिभरा उत्तरगंगा प्रवेशद्धार पर्यटन प्रवर्द्धन समिति**
मेचीनगर-१३, चारआली, झापा

**UAE मा वैदेशिक रोजगारको अवसर**

Company : **B.D. General Maintenance LLC, UAE**

पूर्व स्वीकृति मिति : २०७४/११/२७ | ल.ट नं : 206930 | चलानी नं. ६०१२७८७७

| सि.नं. | कामदारको पद | माग | मासिक तलब | काम | खान/बस्न | करार |
|---|---|---|---|---|---|---|
| 1. | Cleaner/Cleaning Worker | 100 | 900 AED २५,९८०/- | ८ घण्टा २६ दिन | छ | २ वर्ष |

**फाइनल अन्तरवार्ता चैत ५ गते सोमबार (भोलि) बिर्तामोडमा**

**Elite Human Resource Pvt. Ltd.**
श्रम इजाजत पत्र नं. १०१२/०६८/०६९
गोंगबु टाउन प्लानिङ, काठमाडौँ-२९, नेपाल
**Birtamode Contact : 023-542357 | 9817002440 | 9807960966**

Note : The candidates must be within 18 to 42 years and has basic reading and speaking skills in English & Hindi.

**Shivasatakshi Municipality**
Office of the Municipal Executive

**INVITATION FOR SEALED QUOTATION SUPPLYING AND DELIVERY OF RCC HUME PIPES**
Sealed Quotation No: SQ/SM/01/2074-75

Date of First Publication: 2074/12/04

1. SHIVASATAKASHI MUNICIPALITY invites sealed quotations from registered and authorized Suppliers of humepipe for the supply and delivery of RCC Hume pipes.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of the municipal executive, Shivasatakashi Municipality, Byangdanda, jhapa, email: : dms.shivasatakshimun@gmail.com,Telephone No. 023-470323,and Facsimile No.023-470322 .
3. A complete set of Bidding Documents may be purchased from the Office of Shivasatakshi Municipality, Jhapa by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till 2074/12/18 during office hours.
4. Sealed bids must be submitted to the office of the Shivasatakashi Municipality by hand on or before 12:00 on 2074/12/19. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM, 2074/12/19 at the office of the Shivasatakashi Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 47,550.00, which shall be valid for 30 days beyond the validity period of the bid 2074/02/17 If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[2210303007102] at any Branch of Rastriya Banijya Bank and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case, the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
8. The name and identification of the contract are as follows :

| Description of Work | Bid Security Amount | Validity of Bid Security | Validity of Bid |
|---|---|---|---|
| Supplying and delivery of RCC Hume Pipes Contract Id: SQ/SM/01/2074-75 | 47,550.00 | 2074/03/01 | 2074/02/02 |

**– Chief Administrative Officer**

विवेचना प्रकाशन समूहद्वारा प्रकाशित तथा राजु अफसेट प्रेसमा मुद्रित । कार्यालय : बिर्तामोड-४, झापा । फोन : ०२३-५४६४१० । Email : bibechana73@gmail .com । जि.प्र.का.द.नं. : ४१/०४६/५०
अध्यक्ष : तेजमणि प्रसाईं । प्रबन्ध निर्देशक : नवीन खरेल । प्रबन्धक : एकराज प्रधान (९८४४६८६०३१) । समाचार सम्पादक : रमेश समदर्शी । कार्यकारी सम्पादक : विनोद सापकोटा । सम्पादक : हिमाल खरेल

## सम्पादकीय

# सिमसार क्षेत्रको विकास गर

मुलुकको समृद्धिमा पर्यटन क्षेत्रको महत्व सर्वाधिक छ । नेपाल पर्यटकीय गन्तव्यका हिसाबले विश्वविख्यात मानिँदै आएको छ । प्राकृतिक छटा एवम् भौगोलिक विविधताले नेपाललाई पर्यटन गन्तव्यको बलियो आधार दिएको छ । बाह्य मुलुकको पर्यटकीय आकर्षण मजबुत भए पनि त्यसको उच्चतम् उपयोग हुन सकेको छैन । नेपाल बाह्य पर्यटक आगमनका हिसाबले मात्र नभई आन्तरिक पर्यटनमा पनि उत्तिकै समृद्धशाली रहेकोमा कुनै द्विविधा छैन । हाम्रा आन्तरिक पर्यटन गन्तव्यहरुको ठिकसँग पहिचान गर्ने तथा तिनको संरक्षण सम्बर्द्धनमा सरकारी दृष्टि पुग्न नसकेको तथ्य जगजाहेर छ । झापाको गौरादहमा बन्न लागेको बृहत् योजनासहितको पोखरीको कामले निरन्तरता पाउनुपर्छ । त्यस्तै, मोरङको हसिना सिमसार क्षेत्रलाई विकास गरेर गतिलो पर्यटकीय क्षेत्र बनाउनु सबैको कर्तव्य हो ।

सिमसार क्षेत्रमा देखिने कटानले त्यस स्थानलाई जोखिम बनाइरहेको हुन्छ । कुनै पनि सिमसार क्षेत्र वातावरणीय दृष्टिले अत्यन्त महत्वपूर्ण मानिन्छ । लोपोन्मुख चराचुरुङ्गी र जलचरका निम्ति सिमसारभन्दा अर्को उत्तम क्षेत्र कुनै मानिँदैन । वातावरण प्रदूषणको नियन्त्रणमा पनि सिमसारजस्ता प्राकृतिक स्थानको औधी महत्व हुने वातावरण विज्ञहरुको धारणा पाइन्छ । तर, हाम्रो मुलुकमा प्रकृतिका यस्ता वरदानहरुलाई जोगाउनेतर्फ सरकार र त्यस मातहतका निकाय सधैँ उदासीन रहने गरेका छन् । इलामको माईपोखरी, मोरङको बेतिनी, बेतना, हसिना, सुनसरीको कोसीटप्पु, झापाको जामुनखाडी लगायतका क्षेत्र पूर्वी नेपालका प्रसिद्ध सिमसार क्षेत्र हुन् । केही वर्षयता यी क्षेत्रमा आन्तरिक पर्यटकीय आकर्षण अपत्यारिलो रुपले बढेको देखिन्छ । तर, यस्ता क्षेत्रको वैज्ञानिक व्यवस्थापन एवम् संरक्षण सम्बर्द्धनमा सरकारी चासो पाइँदैन ।

उच्च ओहोदाका सरकारी अधिकारीहरु नेपालको पर्यटन विकासको आवश्यकतामा लामो भाषण गर्छन् । तर, हाम्रा पर्यटन गन्तव्यहरु कसरी धरापमा पर्दै गएका छन् भन्नेबारे सरोकार देखाउँदैनन् । बोली र व्यवहारमा देखिने यस्तो फरक चरित्रले गर्दा हाम्रो मुलुकले पाएको अनुपम प्राकृतिक सौन्दर्य समेत आजका दिनसम्म कामको रहन सकेन । सरकार र तत् मातहतका निकायले आआफ्ना क्षेत्रका पर्यटकीय क्षेत्रको पहिचान गर्नु पहिलो दायित्व हो । स्थानीय तहबाट संरक्षित त्यस्ता क्षेत्रको विकासमा आवश्यकता अनुसारको सरकारी सहयोग जुटाई पर्यटन प्रबर्द्धनमा टेवा पुऱ्याउनु सरकारी उद्देश्य अनुरुपकै कदम हो । यसरी मात्र आन्तरिक हुँदै बाह्य पर्यटक आकर्षित गरी मुलुकको आर्थिक समृद्धिमा बल पुऱ्याउन सकिन्छ । तीन तहकै सरकारले सिमसार क्षेत्रको विकासका लागि गुरुयोजना बनाउन जरुरी छ ।



## प्रेरणा

**म (मानिस) आफ्नो खुसीले जन्मिएको पनि होइन र आफू खुसीले मर्ने पनि होइन ।**

**– गोपालप्रसाद रिमाल**

# ‘स्माइल’वाला विवेकशीलको खोजी



**स्वेच्छा राउत**

स्माइलवाला चिन्ह ब्रान्ड बन्दै थियो । मुस्काइरहेको मुहारलाई ब्याच बनाएर छातीमा भिर्दै ‘नेपाल खुला छ’ भन्दै जब सडकमा भर्खरका युवा उत्रिन्थे, एक किसिमको जोश आउँथ्यो । राजनीतिबाट टाढा रहन रूचाउने मजस्ता धेरैलाई मुस्कानसहितको ब्याचधारीले आकर्षित गरिरहेका थिए । संविधान बनाउन सडकमा थाल ठटाउँदै हिँड्दा होस् या सामाजिक मुद्दालाई लिएर बालुवाटार घेर्दा, जाउँजाउँ लाग्थ्यो । राजनीतिमा म र मेरो पुस्तालाई चासो राख्नुपर्छ भन्ने सिकाउँदै थियो – स्माइलवाला ब्रान्ड । उनीहरू त्यही ब्रान्डबाट विवेकशील बनाउँदै थिए, मजस्ता भने राजनीतिमा चासो राखेर विवेकशील बन्न सिक्नुपर्छ भन्नेमा आकर्षित हुँदै थियौँ । नहुनु पनि किन स्थानीय चुनावपछि मात्र धेरैले चिनेको रञ्जु दर्शनाहरू सधैँ चलिरहेको खराबतन्त्रको विरूद्ध झ्याली पिटिरहेका थिए । उनीहरूको अभियानमा लोभी लालची देखिँदैन थिए ।

नामले पहिचान नभए पनि रञ्जुको जोशिलो अनुहार, मिलन पाण्डेको मिलनसार व्यवहार, उज्जव थापाको इमान्दार सोचले परिवर्तनको प्रस्ट संकेतहरू देखाइरहेका थिए । राजनीतिमा लामो समयदेखि देखिएका वैराग्यलाग्दा मुहारसामु यी अनुहारहरूले सम्भावनाको पर्दा खोलिरहेको थियो । मलाई त्यसैले आकर्षित गर्थ्यो – भविष्य यिनीहरू नै हुन् भन्ने लाग्थ्यो ।

सामाजिक मुद्दाको समर्थनमा जुलुस र नारावाजी । राजनीतिक अनियमितताको विरोध । भ्रष्टाचारका विरूद्धमा ऱ्याली । विरोधको शैली पनि लोभलाग्दो । न ढुङ्गामुडा, न चक्काजाम । विवेकशीलको जग हँसिला मुहारहरूले यसरी गाडे कि मजस्ताको ध्यान खिचिनु स्वभाविक बन्यो । विवेकशील भनेको कुनै दल वा व्यक्तिमा थिएन । न त्यो उज्वल थापाको अनुहार वा मिलन पाण्डे र रञ्जु दर्शनाहरूकै मात्र मुहारको प्रतीक थियो । राजनीतिलाई ‘डर्टी गेम’ बुझ्ने हामी युवामा यसको आवश्यकता बारे चेत भर्ने यो समूह आफैँमा एउटा गज्जबको प्रयास बन्यो ।

नेपाल खुल्ला छ । अब संविधान देऊ । गोविन्द केसीका मुद्दामा समर्थन । भूकम्पपीडितलाई सहयोग । पुनर्निमाणका लागि दबाब । बाग्मती सफाई अभियान । सामाजिक सञ्जालमा उत्तिकै सक्रियता । विवेकशीलका गतिविधिहरू देशभित्रै र देशबाहिर पनि फैलियो । देशमा केही हुन्छ भन्ने अपेक्षा गर्नेहरू बढ्न थाले । मजस्तै उमेर समूहका धेरै विदेशिइसकेका छन् अहिले पनि । उनीहरू पनि देशमा आफूजस्तै उमेर समूहकाको गतिविधि हेरिरहेका थिए । उनीहरूलाई पनि लाग्यो – यिनीहरूले चाहिँ केही गर्छन् ।

***

विवकेशील राजनीतिक दल बन्यो । मेनस्ट्रिम पोलिटिक्समा भिज्नुअघि र मतदाताले पार्टीलाई चिन्नुअघि ३ प्रतिशत थ्रेसहोल्डको रिस्क लिएर चुनावी तयारी आफैँमा एउटा हिम्मत थियो जुन उज्जवल थापाहरूले देखाए । ठूला भनिने दलहरूलाई धक्का दिन चुनावी मैदानमा कोही आउँदैछ है भन्ने सन्देश प्रवाह भयो गज्जबले । जनताले विवेकशीललाई चिने । विवेकशीलले मतदातामा बनाएको ‘ह्विम’ बलियो थियो भन्ने उदाहरण हो – स्थानीय तहमा रञ्जु दर्शनाले पाएको मत ।

स्थानीय निर्वाचन लगत्तै विवेकशील र साझा पार्टी एकीकरण भयो । साझा पार्टीमा रवीन्द्र मिश्र र किशोर थापाहरू थिए । आफ्नो पेशाका दिग्गज । परिवर्तनको नारासहित दुई युवा केन्द्रित दलको एकीकरणले धेरैलाई झन् आशावादी तुल्यायो । देशभित्र कब्जा जमाएर बसेका राजनीतिक दलका नेतासामु विवेकशील साझाले हम्मेहम्मे पार्ने देखियो । विदेशमा बसेका नेपाली भर्चुअल रूपमा नेपालसँग जोडिइरहे ।

तर, यति धेरै उत्साह र समर्थन पाउँदा पाउँदै विवेकशीलले गाडेको सामाजिक मुद्दाको जग भने धर्मरायो । जनतासँग जोडिएका एजेन्डाका प्रतिविम्बहरू मधुर भइरहँदा केही अनुहार मात्र ‘ब्रान्ड’ बन्दै थिए विवेकशील साझाका । मिडियाको नजरमा पनि साझाका रवीन्द्र मिश्रहरूको मुहारमात्र झल्किँदै गयो । उज्वल थापा, मिलन पाण्डे, पुकार बमहरू मिडियाका ‘विकाउ माल’ बनेनन् । जनताका मुद्दालाई बोकेर आफ्नै शैलीमा आफूलाई चिनाइरहेका यिनीहरू सम्पादकहरूका आँखामा परेनन् । मिडियामा मिश्र र सूर्यराज आचार्यहरू छाइरहँदा सिङ्गो विवेकशीलको अनुहार क्रमशः छायाँमा पऱ्यो । आफ्नै चुनाव चिन्ह तराजुमा विवेकशीलहरूको तौलमाथि उनीहरूकै संगठनको आडमा चुनाव लडिरहेका साझाका उम्मेदवारहरू भारी हुँदै गए । प्रचार प्रसारको क्रममा सामाजिक सञ्जालमा छाएका भिडियो, पोस्टर र नाराहरूले विवेकशील साझालाई चिनाउन त चिनायो । विवेकशील साझा चिन्नेले तराजु चिने । तराजु चिन्नेले रवीन्द्र मिश्रलाई चिने । तर, धेरै युवाले चिनेको विवेकशीलका उज्जवल थापा, सुबुना बस्नेत, मिलन पाण्डे, पुकार बम, अनुपा श्रेष्ठहरू सिनबाट ‘फेड आउट’ हुँदै थिए । १० प्रतिशत मत नपुग्नाले गगन थापाकी प्रतिस्पर्धी रहेकी सुबुना बस्नेतको त जमानत जफत नै भयो ।

***

महिनाको सात लाखको जागिर छोडेर राजनीतिमा लागेको चर्चा अगाडि राजनीतिका लागि योग्य बन्न सात वर्षभन्दा बढी समय लगानी गरेकाहरू कता हराए कता । न विवेकशीलले तय गरेको सहर केन्द्रित मुद्दामा अडिग रहन सके न दुर्गम क्षेत्र, निम्न वर्ग र पिछडिएकाहरूको आवाज बन्ने छाँट देखाए । विवेकशील ‘इलिट’को मुद्दामा हरायो । उनीहरूको उम्मेद्वारी र प्रचार प्रसार त महिला, जनजाति, दलित, मधेसी, मुस्लिम केन्द्रित भएन नै ।

जनस्तरमा पनि देशका सीमान्तकृत, भूमिहीन, अधिकारबाट बञ्चितहरूको समस्याको सम्बोधन भएन उनीहरूबाट । समाजभित्रै नागरिकता नपाउनेहरूका मुद्दा, हरेक वर्ष बस्ने छाप्रो फेर्दै जङ्गल जङ्गल चहार्नेका चासो, भाषा समस्याका कारण स्कूलको पढाई पूरा गर्न नसक्नेहरूका इस्यू पनि अटेनन् । यी मुद्दा छाडेर विवकेशील साझाले भन्यो – समृद्धि हाम्रै पालामा । भ्रष्टाचारमुक्त समाज । आदि–आदि । एकैपटक राष्ट्रिय दल अनि अर्को पटक शासन सत्ता नै लिने अद्भुत सपना ।

नारा त वर्षौंदेखि नेकपा एमालेले, नेपाली कांग्रेसले बोकेकै त थिए । माओवादीले यिनै नारासँग युवापुस्तालाई ह्वात्तै युद्धमा होमेकै हो त । परिवर्तन पनि ल्याएका हुन् । डिजिटल पोस्टमा अटाएका लोभलाग्दा नारामात्र हेरेर मजस्ता पुस्ताले विवेकशील साझामाथि किन भर पर्ने ?

***

आफूभन्दा सम्पन्न कोही देख्दा लाज र अप्ठ्यारोले लुक्ने जनता नेपालमा छौं । सुटबुटमा कोही नयाँ मान्छे देख्दा ‘सिनेमाको हिरो’ सोचेर पच्छ्याउने पनि हामी बीचमा नै छौँ । इन्टरनेटमा युरोप, अमेरिका हेरेर हाम्रो देश त्यस्तै होस् भन्ने चाहना राख्ने पनि छौँ र गाडी/सडक कहिल्यै नदेखेको नेपाली पनि यही छौँ । त्रिभुवन युनिभर्सिटीको सिस्टम भएन भनेर गाली गर्नेहरूभन्दा पर पाठ्यक्रममा भाषा समस्याका कारण स्कूल हाप्ने पनि देशभित्रै छौँ । भेष र भाषाका कारण जनता र विवेकशील साझाका नेताबीच त्यो ‘ग्याप’ नहोस् ।

हामीले चाहेको हामीभित्रकै आवश्यकताहरूको अध्ययन हो । पहिचानको मुद्दा, मानव अधिकारको मुद्दा, भूमि अधिकारको मुद्दा – जुन काठमाडौं र सहरी क्षेत्रभन्दा टाढा–टाढा मात्र भेटिन्छन् । त्यो अध्ययन अनुसन्धान, भिडियो बनाउँदा लाइट, क्यामेरा र एङ्गल मिलाएको जस्तो सजिलो पक्कै छैन । सजिलो भएन र त आजसम्म परिवर्तन भएन । परिवर्तन भएन र त विकल्प खोजिँदैछ । विकल्प खोजिँदैछ र त एकीकृत विवेकशील साझा समानुपातिकतर्फ अन्य पुराना पार्टीसँग प्रतिस्पर्धामा रह्यो । आशाको बीच विवेकशील साझा पार्टी अब विकल्प बन्ने या वैकल्पिक शक्ति बन्ने जनतालाई प्रष्ट पारून् । विकल्प बन्न आज विवेकशील साझाले पोस्टरमा बनाएको नारा केन्द्रित कामले पुग्ला । तर, वैकल्पिक शक्ति बन्नका लागि पार्टीको संगठन संरचना, कार्यनीति, सिद्धान्त आवश्यक छ ।

***

नयाँ सोच र वैकल्पिक राजनीतिको लक्ष्य लिएर हिंडेको विवेकशील साझा पार्टीले ‘अरू बेइमान छन्, हामी इमान्दार छौं’ भनिरहे । आफू ढङ्ग भएको र अरू बेढङ्गी भएको आरोपलाई परिचयमा ठाउँ दिए । तर विवेकशील साझाले मूल्याङ्नको जिम्मा त जनतालाई दिनुपर्नेमा न्यायाधीश बनेर आफै फैसला सुनाइरहे ।

अरूलाई नराम्रो देखाएर राम्रो बन्ने मिसन विवेकशील साझाको फ्लप भयो । मेरो पुस्तालाई विवेकशीलको विवेकशील बन्न सिकाउने पुरानै स्वरूपको खोजीमा छु । पार्टीको एजेन्डामा समावेश ‘राष्ट्र निर्माणको बृहत् प्रक्रिया’ भनेको युरोपको सडक र अन्य भौतिक पूर्वाधार हेरेर कोरिएका डिजिटल चित्र मात्र होइनन् भने नेता र पार्टी कम्फर्ट जोनबाट निस्किएर कुना काप्चामा पुगुन् । मजस्ता आउँदा पुस्तालाई राजनीतिमा लाग्न जोश बढावस् ।

– पहिलोपोस्टबाट

## विश्व खबर

# राष्ट्रपतिमा सी जिनपिङ सर्वसम्मत अनुमोदित



**चीन, चैत ३ ।** चिनियाँ संसद्ले राष्ट्रपति सी जिनपिङलाई दोस्रो पाँच वर्षे कार्यकालका लागि सर्वसम्मतिले अनुमोदन गरेको छ ।

संसद्ले सीका एकजना निकटवर्ती र भ्रष्टाचारविरोधी पूर्वअधिकारी वाङ चिसानलाई उपराष्ट्रपतिमा नियुक्त गरेको छ । बेइजिङस्थित ग्रेट हल अफ दि पिपुलमा मतदान भएको थियो ।

गत हप्ता चिनियाँ संसद्ले राष्ट्रपतिको कार्यकालसम्बन्धी सीमा संविधानबाट हटाउने पक्षमा मतदान गरेको थियो । त्यसको अर्थ राष्ट्रपति सी अनन्तकालसम्म सत्तामा रहन सक्छन् । चीनले सन् १९९० को दशकमा राष्ट्रपति पदमा बहाल रहने समयसीमा दुई कार्यकालका लागि तय गरेको थियो । राष्ट्रपति सीले आफ्ना सम्भावित उत्तराधिकारी प्रस्तुत गर्ने प्रचलन गत अक्टोबरमा बसेको कम्युनिष्ट पार्टीको महाधिवेशनमा तोडिदिएका थिए । त्यसको सट्टा उनले राजनीतिक शक्ति आफूमा केन्द्रित गरेका थिए र पार्टीको विधानमा आफ्नो नामसहितको राजनीतिक विचारधारा लेखाउन उनी सफल भएका थिए ।

# फिलिपिन्समा विमान दुर्घटना, सातको मृत्यु

**मनिला, चैत ३ ।** फिलिपिन्समा एउटा सानो विमान दुर्घटनामा परी सात जनाको मृत्यु भएको छ ।

प्लारिडेलबाट बुलाकान प्रान्ततर्फ जाँदै गर्दा शनिबार मध्यान्ह विमान दुर्घटनामा परेको अधिकारीले जनाएका छन् । फिलिपिन्सको नागरिक उड्डयन प्राधिकरणका एक जना उच्च अधिकारीले ६ जनाको मृत्यु भएको पुष्टि गरेका छन् । उनका अनुसार छ वटा मात्र सिट विमानमा रहेको र मृत्यु भएकामध्ये दुई जना विमान चालक रहेका थिए ।

विमान उड्न सुरू गरेको केही मिनेटपछि स्थानीय समयानुसार विहान ११.२१ मा दुर्घटना भएको अधिकारीले बताएका छन् । विमान आवासीय क्षेत्रमा दुर्घटना भएको थियो । घटनास्थलमा अनुसन्धानका लागि अधिकारी पुगेका छन् ।

# काँकरभिट्टा र बिर्तामोड विजयी

**काँकरभिट्टा, चैत ३ ।** काँकरभिट्टा माविको खेल मैदानमा जारी नेपाल–इण्डो भेट्रान फुटबल प्रतियोगिताअन्तर्गत शनिबार भएको खेलबाट आयोजक काँकरभिट्टा भेट्रान फुटबल क्लब सेमिफाइनल र बिर्तामोड भेट्रान फुटबल क्लब फाइनल प्रवेश गरेको छ ।

काँकरभिट्टा भेट्रान फुटबल क्लबको आयोजनामा जारी प्रतियोगिताअन्तर्गत सातौँ दिनको पहिलो तथा अन्तिम क्वार्टर फाइनल खेलमा दार्जिलिङ युनाइटेड भेट्रान फुटबल क्लब भारतलाई ०–३ गोलले पराजित गर्दै काँकरभिट्टा भेट्रान सेमिफाइनल प्रवेश गरेको हो । खेलको पहिलो हाफको १९ औँ मिनेटमा विजेता टिम काँकरभिट्टा भेट्रानका राकेश श्रेष्ठले पहिलो गोल गर्दै अग्रता लिएका थिए भने २८ र २९ औँ मिनेटमा उक्त टिमका रमेशकुमार बस्नेतले २ गोल गरी आफ्नो टिमको विजय सुनिश्चित गरेका थिए । उक्त खेलको दोस्रो हाफमा दुवै टिमका तर्फबाट थप गोल हुन सकेन ।

शनिबार नै भएको दोस्रो तथा पहिलो सेमिफाइनल खेलमा धाइजन–चारआली भेट्रान फुटबल क्लबलाई १–२ गोल अन्तरले हराउँदै बिर्तामोड भेट्रानले फाइनलको यात्रा तय गरेको हो । खेलको पहिलो हाफको ११ औँ मिनेटमा बिर्तामोड भेट्रानका सुवास अक्ताबले पहिलो गोल गर्दै अग्रता लिएका थिए भने पहिलो हाफको २० औँ मिनेटमा धाइजन–चारआली भेट्रानका सञ्जय थापाले गोल गर्दै खेललाई बराबरीमा पुऱ्याएका थिए ।

खेलको दोस्रो हाफको २६ औँ मिनेटमा बिर्तामोड भेट्रानका नगेन्द्रमणि लिम्बुले गोल गर्दै आफ्नो टिमको विजय पक्का गरेका थिए । शनिबार भएको पहिलो खेलको म्यान अफ दि म्याच घोषित काँकरभिट्टा भेट्रानका राकेश श्रेष्ठलाई नेपाल बहुउद्देश्यीय सहकारी संस्थाका उपाध्यक्ष लक्ष्मीप्रसाद उप्रेती र कराँतेका अन्तर्राष्ट्रिय रेफ्री राजु महर्जनले २१ सय रूपैयाँ, ट्रफी र डमी चेक प्रदान गरेका थिए ।

त्यस्तै, दोस्रो खेलको म्यान अफ दि म्याच घोषित बिर्तामोड भेट्रानका नगेन्द्रमणि लिम्बुलाई इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रमुख टंकप्रसाद भट्टराई र झापा फुटबल संघका पूर्वअध्यक्ष बालाजित राईले २१ सय रूपैयाँ, ट्रफी र डमी चेक हस्तान्तरण गरेका थिए ।

प्रतियोगिता अवधिभरका प्रत्येक खेलका म्यान अफ दि म्याचलाई डमी चेक नेपाल बहुउद्देश्यीय सहकारी संस्था झापाले सौजन्य गरेको छ । आइतबार हुने अन्तिम सेमिफाइनल खेलमा आयोजक काँकरभिट्टा भेट्रान फुटबल क्लब र सुरुङ्गा भेट्रान फुटबल क्लबबीच प्रतिस्पर्धा हुने बताइएको छ ।

# मेचीनगर बन्यो मेयरकप च्याम्पियन

**बिर्तामोड, चैत ३ ।** इलामको करफोकमा सञ्चालित प्रथम सूर्योदय मेयरकप फुटबल प्रतियोगितामा मेचीनगर नगरपालिका च्याम्पियन बनेको छ ।

आयोजक सूर्योदय नगरपालिकालाई टाइब्रेकरमा ३–१ गोल अन्तरले हराउँदै मेचीनगरले प्रतियोगिताको उपाधि जितेको हो । जितसँगै मेचीनगरले नगद १ लाख र ट्रफी प्राप्त गरेको छ भने उपविजेता बनेको सूर्योदयले नगद ७५ हजार प्राप्त गरेको छ । शनिबार सम्पन्न फाइनल खेलमा जितका लागि विशाल लिम्बू, एञ्जल गुरूङ, पुजन उपरकोटीले गोल गरे । मुन्ना सुब्बाको गोलमा विपक्षी गोलरक्षक बाधक बने ।



सूर्योदयका खेलाडीले हानेको २ वटा प्रहार बाहिरिएको थियो भने एउटा प्रहारलाई मेचीनगरका गोलरक्षक मनोज प्रधानले विफल तुल्याएको मेचीनगर टिमका कोच मिन बस्नेतले बताए ।

निर्धारित समयमा ३–३ को बराबरी भएपछि निर्णयका लागि खेल टाइब्रेकरमा धकेलिएको थियो । प्रतियोगिताको उत्कृष्ट खेलाडी मेचीनगरका दिवस उराउ भए । प्रतियोगितामा मेची अञ्चलका ११ वटा नगरपालिकाको टिम सहभागी थियो । फाइनल खेल प्रतियोगितामा मेचीनगरकी उपमेयर मीना उप्रेतीको नेतृत्वमा टिम सहभागी भएको थियो ।

# चारकोशे झाडीको रुख कटानमा रोक

**झापा, चैत ३ ।** पूर्वी क्षेत्रमा वन क्षेत्र अतिक्रमण र रूख कटान तीव्र बनेपछि त्यसविरूद्ध प्रशासन सक्रिय भएको छ । प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले तत्काल रूख कटान रोक्न निर्देशन जारी गरेका छन् ।

वैज्ञानिक वन व्यवस्थापनको आडमा वन फँडानी बढेपछि प्रदेश १ का मुख्यमन्त्री राईले पूर्वी तराईको चारकोशे झाडीमा रहेका रूख काट्ने कार्य तत्काल रोक्न निर्देशन दिएका छन् । मोरङका प्रमुख जिल्ला अधिकारी रामप्रसाद आचार्यलाई तत्काल रूख काट्ने काम रोक्न निर्देशन दिएको र सो सम्बन्धमा सरोकारवालासँग छलफल समेत गर्न लागिएको मुख्यमन्त्री कार्यालयका प्रमुख सचिव यादव कोइरालाले जानकारी दिए ।

# पापोहाङ आङ्देम्बेको क्षेत्रीय समिति

**दमक, चैत ३ ।** लिम्बू आङ्देम्बेहरूको दमकमा सम्पन्न भेलाले पदमशंकर आङ्देम्बेको अध्यक्षता पापोहाङ आङ्देम्बे ताङसेप सङ्जुम्भोको क्षेत्रीय समिति गठन भएको छ ।

गठित समितिको उपाध्यक्षमा जयस्वर आङ्देम्बे, सदस्य सचिवमा देवेन्द्रराज आङ्देम्बे रहेका छन् । यसैगरी सदस्यहरूमा सुरेन्द्र, ओममाया, बालचन्द्र, भीमराज, योगेन्द्र, रबिन, शर्मिला, अगमसिंह, ललिता, आइन्द्रराज, प्रेम आङ्देम्बेलगायत रहेका छन् । समितिमा झापाभरिका आङ्देम्बेहरूलाई समेटिएको अध्यक्ष पदमशंकरले जानकारी दिए । कार्यक्रम सङ्म्भोका केन्द्रीय अध्यक्ष अम्बिका आङ्देम्बेको प्रमुख आतिथ्यतामा भएको थियो ।

देशका विभिन्न क्षेत्रमा रहेका आङ्देम्बेहरूबीच आपसी समन्वय गर्ने उद्देश्यले सो सङ्जुम्भो विस्तार गरिँदै आएको जनाइएको छ ।

# दिगो फोहोरमैला व्यवस्थापनबारे सर्वेक्षण

**बिर्तामोड, चैत ३ ।** वातावरण संरक्षण मञ्च नेपालले ठोस फोहोरमैला व्यवस्थापनका लागि सर्वेक्षण कार्यक्रम सम्पन्न गरेको छ । बिर्तामोड नगरपालिकाको वडा नम्बर ४ र ५ का घर, व्यापारिक क्षेत्र र संघसंस्था गरी जम्मा १८६ वटा घरमा १५ दिनसम्म फोहोरको उत्पादन र बनोटसम्बन्धी सर्वेक्षण गरेको हो ।

बिर्तामोड नगरपालिकाको आर्थिक सहयोग साथै संस्थाका अध्यक्ष तथा वातावरण विज्ञानमा स्नातकोत्तर गरिरहेका हैकम घिसिङको नेतृत्वमा मेची बहुमुखी क्याम्पसमा वातावरण विज्ञान विषयमा स्नातक तहमा अध्ययनरत १२ जना विद्यार्थीको टोलीले सो सर्वेक्षण गरेका हुन् । सर्वेक्षण पश्चात नगरपालिकाबाट हाल उत्पादन भइरहेको फोहोरको परिमाण र बनोट थाहा पाइनुका साथै पुनः चक्रण र पुनः प्रयोग गर्न सकिने र कम्पोष्ट मल तथा बायो ग्यास बनाउन सकिने फोहोरको परिमाण पनि निस्किने बताइएको छ ।



यसले नगरपालिकाको फोहोरलाई दीर्घकालीन रूपमा व्यवस्थापन गर्न एकीकृत योजना बनाउन सहयोग पुऱ्याउने संस्थाका कार्यालय सचिव सत्यम चौधरीले बताए । प्रश्नावली सर्वेक्षण र तथ्यांक संकलन कार्य सकिएकाले अबको एक महिनाभित्र तथ्यांकको विश्लेषण गरी पूर्ण प्रतिवेदन तयारी गरिने संस्थाका कार्यसमिति सदस्य रोशन लामाले बताए ।

दैनिक विवेचना को बाल पृष्ठ

# नानीबाबु

२०७४ चैत ४ आइतबार । 18 March 2018, Sunday

# विद्यार्थी चाहिँ कस्तो ?

**तिमी अब ठुला भयौ । तिम्रो भविष्य तिम्रै हातमा छ । तिमी पशु होइनौ, लट्ठी लगाउनुपर्ने । तिमी मूर्ख र अज्ञानी पनि होइनौ, अरूले गाली गर्नुपर्ने । तिमी नोकर बन्न चाहन्छौ कि मालिक ? अर्काले अराउँदा मात्रै पढ्ने ? अर्काले तिमीलाई उठाइदिनुपर्ने ? पढ भन्नुपर्ने ? गृहकार्य गर भन्नुपर्ने ? तिमी ज्ञानी कि अज्ञानी ? ज्ञानीले आफ्नो काम आफैँ गर्छ ।**



**गङ्गाराम गड्तौला**

'घरमा बिग्रेको बच्चालाई भगवान्ले पनि सुधार्न सक्दैन ।' गिजुभाईको भनाइ हुनुपर्छ । संस्कार घरमै दिइनुपर्छ । दुईमत छैन । अभिभावकले बालबालिकाका सामु 'यसलाई तह लगाइदिनुपर्‍यो' कसैलाई भन्छ भने ऊ स्वयं आफ्नो नानीलाई बिगार्दैछ । आफैँप्रति विश्वास छैन । आफ्नो सन्तान सपार्न अरूलाई आग्रह गर्दैछ । नानीले सिक्दैछ । मैले अभिभावकलाई जितिसकेँ । बाबुलाई नटेर्नु पर्ने रहेछ । आमालाई नटेर्नु पर्ने रहेछ । अहँ । कसले घुसाइदियो ? अघिल्ला लेखमा आइसकेको छ ।

यस पटक विद्यार्थीका लागि । 'प्रिय विद्यार्थी, तिमी अहिले जे गर्दैछौ, त्यसले तिम्रो भविष्य बनाउँछ ? आफैँ सोच त !' ललितपुरको एक स्कुलका प्रिन्सिपल मित्र गोविन्द पुरीले पत्रात्मक शैलीमा फेसबुकमा लेख्नुभएको । सारै उपयोगी । शिक्षकले पढ्नैपर्ने । अभिभावकले बुझ्नैपर्ने । विद्यार्थीका लागि नभई नहुने । स्टाटस बिर्सें । तर सारमा यस्तो थियो –

तिमी अब ठुला भयौ । तिम्रो भविष्य तिम्रै हातमा छ । तिमी पशु होइनौ, लट्ठी लगाउनुपर्ने । तिमी मूर्ख र अज्ञानी पनि होइनौ, अरूले गाली गर्नुपर्ने । तिमी शासित बन्न चाहन्छौ कि शासक ? नोकर बन्न चाहन्छौ कि मालिक ? अर्काले अराउँदा मात्रै पढ्ने ? अर्काले तिमीलाई उठाइदिनुपर्ने ? पढ भन्नुपर्ने ? गृहकार्य गर भन्नुपर्ने ? तिमी ज्ञानी कि अज्ञानी ? ज्ञानीले आफ्नो काम आफैँ गर्छ । मालिकले अरूलाई काम लगाउँछ ।

स्टाटसमा भनेजस्तै विद्यार्थीको भविष्य विद्यार्थीकै हातमा छ । सानो छँदा अरूकै भर पर्नुपथ्र्यो । तर अहिले त हामी बुझ्ने भएका छौँ नि ! के बन्ने रहर छ ? डाक्टर ? इन्जिनियर ? कलाकार ? मोडल ? गायक वा अरू केही ? हामीलाई हाम्रो लक्ष्यमा कसैले रोक्न सक्दैन । न बाबुआमाले । न शिक्षकले । न साथीले न अरू कसैले । रोक्छ भने हामी आफैँले । हामी त्यस्तो कुरामा लागेका छौँ जसमा मजा छ । तर भविष्य छैन । सन्दीप महेश्वरी भन्छन् – मजामा लाग्नेले प्रगति गर्न सक्दैन । प्रगति गर्नका लागि मजा त्याग्नैपर्छ । हुन पनि हो । हामी विद्यार्थी केको बिरूवा रोप्दै छौँ ? मजाको ? पछि फल खान पाइने कि नपाइने ? अरूले सोचिदिएर हुन्छ र ?

हामीलाई कुनै विषय मन पर्दैन । कुनै विषय मन पर्छ । मन नपर्ने विषय छुँदै छुँदैनौँ । यो विषय नभए पनि हुन्थ्यो भन्ने लाग्छ । मन नपर्ने किन भयो ? नआएर । अनि नआउने विषय छोइएन । नछोइकन त कसैलाई पनि आउँदैन । किन आएन ? कारण पत्ता लगायौँ ? सम्बन्धित शिक्षकलाई सोध्यौँ ? फेरि अभ्यास गरि हेर्‍यौँ ? छैन भने हामी बहाना बनाउँदै छौँ । पछि चाहिँदैन होला । कसैलाई यस्तो पनि लाग्न सक्छ । तर हामीमध्ये कमैलाई मात्र थाहा छ, सबै विषय र सिकाइने सबै कुरा बराबर महत्वका छन् । भविष्य हाम्रो घर हो । घरका लागि इँटा, सिमेन्ट, काठ, फलाम र अन्य सबै चिजको संयोजन हुनु जरूरी छ । भविष्यका लागि सबै विषयको संयोजन हुनु आवश्यक छ । सबै विषयको संयोजन नै असल व्यक्तित्व हो । असल व्यक्तित्व निर्माणमा सबै विषयको बराबरी भूमिका रहन्छ । अनि जुनसुकै क्षेत्रमा, जुनसुकै तहमा पुगे पनि पहिलो सर्त हो व्यक्तित्व । विषयहरू भऱ्याङ हुन् । व्यक्तित्वमा पुग्ने । भऱ्याङका खुट्किला छोडेर अघि बढ्न सकिँदैन । गुरूले भऱ्याङ चढ्न सिकाउनु हुन्छ । अभिभावकले भऱ्याङ उक्लिन सिकाउनु हुन्छ । हामीलाई जुन कुरा सही जस्तो लाग्छ, त्यो सही नहुन सक्छ । जुन कुरा खराब जस्तो लाग्छ, त्यो सही हुन सक्छ । यसैले अभिभावक र शिक्षकका कुरा सुनौँ ।



हामीलाई कपाल पाल्न मन लाग्छ । कपालको स्टाइल बनाउन मन लाग्छ । किन ? फेसनेबल लुगा मन पर्छ । स्कुलमा फेसन देखाउन मन लाग्छ । किन ? तपाईंसँग जवाफ छ ? अनि हामी जे गर्दै छौँ किन गर्दै छौँ ? एकछिन विचार गरौँ त ! विद्यार्थी कस्तो हुने ? शिक्षकहरूले चाहनुभो इमानदार । नैतिकवान् । ज्ञानी । अनुशासित । जेहेनदार । पढाइमा ध्यान । हाम्रो इतिहासले व्याख्या गर्‍यो :

***काको चेष्टा बको ध्यानं श्वान निद्रा तथैव च***
***अल्पहारी गृहत्यागी विद्यार्थी पञ्च लक्षणम् ।***

अर्थ थाहा छ ? सबै कुरा त्यागेर पढाइमा मात्रै ध्यान दिऔँ । आफ्नो कर्तव्यमा मात्रै केन्द्रित होऔँ । बकुल्लाको जस्तो ध्यान । कुरा दिमागमा घुसाउन ध्यानलाई केन्द्रित गर्नैपर्छ । कुकुरको जस्तो निद्रा । धेरै सुत्ने व्यक्ति मन्द बुद्धिको हुन्छ । यो हाम्रा ऋषिमुनिले बुझेका थिए । त्यसैले उनीहरूले विद्यार्थीका लागि कम सुत्नुपर्ने निष्कर्ष निकाले । हामी अहिले मनोरञ्जनमा लाग्यौँ भने हाम्रो वर्तमान त रमाइलै होला, तर भविष्य कस्तो हुन्छ ? हामीले हिंड्न थालेको बाटो कस्तो छ ? त्यसले कहाँ पुर्‍याउँछ ? त्यो सही गन्तव्य हो ? होइन भने हामीले त्यो बाटो त्याग्नैपर्छ । सही बाटो छान्नैपर्छ । अभिभावक चिन्तित छन् । शिक्षक चिन्तित छन् । उनीहरू हाम्रो कहिल्यै कुभलो चाहँदैनन् । तिनको भनाइ मान्दा गलत ठाउँमा पुगिँदैन ।

प्रतिस्पर्धाको समय छ । अब हामीले अब्बल हुने प्रयास गर्नुपर्छ । रेलाले जिन्दगी चल्दैन । त्यसैले विद्यार्थीहरू ! शिक्षकको आज्ञा पालन गरौँ । अभिभावकले गरेको दुःख बुझौँ । बेलैमा सचेत होऔँ । साथीका रूपमा शत्रु पनि आएको हुन सक्छ । साथीको लहैलहैमा लागेर भविष्य नबिगारौँ । अहिले तपाईंलाई गलत बाटोमा हिंडाउने साथी सधैं तपाईंसँग रहँदैन । अहिले कुलतमा फसाउने साथी भविष्यमा तपाईंसँगै हुने छैन । उनीहरू त तपाईंलाई बिगारेर आफ्नो बाटो लागिसकेका हुन्छन् । जति बेला हामी थाहा पाउँछौँ, खाडलमा फसिसकेका हुन्छौँ । भत्किसकेको हुन्छ । बिग्रिसकेको हुन्छ । फुटिसकेको हुन्छ । जोड्न नमिल्ने गरी । टाँस्न नमिल्ने गरी । फेरि बनाउन नमिल्ने गरी । किनकि तपाईंको भविष्य तपाईंकै हातमा छ ।

*(लेखक कर्णाली एजुकेशन फाउन्डेसन, बुद्धशान्तिका प्राचार्य हुन् ।)*

## फरक पत्ता लगाउनुहोस्



## को छिटो बीचमा पुग्ने ?



## अंक जोडेर रङ भर्नुहोस्



बालकथा

# हाँसको चल्ला

• विनय कसजू

एउटा कुखुरा गोठमाथि डालोमा चल्ला कोरल्न बसेकी थिई । ऊ फुलहरूलाई दिनभरि छोपेर न्यानो पारेर बस्थी । भोकलाग्दा कहिलेकाहीँ गोठ नजिकै मलखाल्टोमा पुग्थी र नंग्राले खोस्रेर किरा निकालेर खान्थी ।

एक दिन कुखरा चारो खोज्न गएको बेलामा कान्छाले एउटा फुल सुटुक्क झिक्यो र पकाएर खायो । फुल चोरेको कुरा आमाले थाहा पाउलिन् भनेर उसले साथीसँग एउटा फुल माग्यो र कुखुराको डालोमा राखिदियो ।

बीसबाइस दिनपछि फुलबाट चल्लाहरू निस्के । चीँचीँ कराइरहेका चल्लाहरूलाई अघिपछि लाउँदै कुखुरा गोठबाट बाहिर आई । कुखुराका चल्लालाई देखेर आमा खुशी भइन् । उनले चल्ला गनिन् । बीस वटा रहेछन् । तर एउटा चल्ला भने कुखराको चल्लाजस्तो थिएन । गिद्धजस्तो लागेर उनले भनिन्, 'होइन यो गिद्धको चल्ला हो कि के हो ? यसको ठोँड त बेग्लै छ । ए ! कसरी एउटा चल्ला बेग्लै भयो ?'

कान्छाकी आमाको कुरा सुनेर कान्छाको बाले त्यो चल्लालाई हातमा लिएर हेर्दै भने, 'होइन यो त हाँसको चल्लाजस्तो छ । हेर् त यसका खुट्टा । हाँसको जस्तो छ ।' कान्छाले बाआमाका कुरा डराईडराई सुनिरहेको थियो, किनकि उसलाई किन एउटा चल्ला बेग्लै निस्क्यो भन्ने कुरा थाहा थियो । तर उसले केही भनेन ।



हाँसकै चल्ला भए पनि कुखुराले त्यसलाई अरू चल्लालाई जत्तिकै माया गरेर हुर्काउन थालिन् । चारो ख्वाउँदा उसलाई पनि नजिकै डाकेर ख्वाउँथिन् । तर उसको ठोँड च्याप्टो भएको हुनाले उसले अरू चल्लाले झैँ कनिका र किरा फटाफट भुइँबाट टिपेर खान सक्तैनथ्यो । यसैले कुखुराले उसलाई अलि बढी हेरविचार गर्नुपथ्र्यो ।

पानी भरिएको भाँडा, खाल्टो वा पोखरी देख्यो कि हाँसको चल्ला त्यतातिर जान खोज्थ्यो । तर कुखुराले अरू चल्लालाई झैँ उसलाई पनि पानीमा जाला भनेर निक्कै होस पुऱ्याउँथी । तैपनि ऊ मौका पाउने बित्तिकै कुखुराको आँखा छलेर पानीमा पस्न खोज्थ्यो । हिलो भेट्टायो कि ठोँड घुसारेर टररर गर्दै चारो खाइहाल्थ्यो । हाँसको चल्लालाई यसरी खान पाए मात्रै खाएजस्तो हुन्थ्यो । तर, यसरी खाएको कुखुराले रूचाउन्नथी र उसलाई गाली गर्थी ।

हाँसको चल्लालाई अरू चल्लाहरूले पनि जिस्क्याउँथे । कहिले उसको खुट्टाका पैतला त कहिले ठोँडलाई देखाएर तिनीहरूले गिल्ला गर्थे । उसको स्वर पनि अरू चल्लाहरूको भन्दा बेग्लै थियो । यसले गर्दा ऊ चल्लाहरूको माझमा बसेर पनि आफूलाई एक्लो ठान्थ्यो । कहिलेकाहीँ सबैलाई छाडेर जाउँ कि जस्तो उसलाई लाग्थ्यो ।

एक दिन ठूलो पानी पऱ्यो । पानी परेको बेलामा कुखुराले चल्लाहरूलाई गोठबाहिर जान रोकिन् । गोठबाहिर खाल्टाखुल्टीहरू वर्षाको पानीले भरिए । पानीका खाल्टाहरू देखेर हाँसको चल्लालाई बाहिर जान र पानीमा खेल्न मन लाग्यो । त्यही बेला उसले केही पर एउटा हाँस एक बथान चल्लाहरूसँग पानीमा रूझ्दै कतै जान लागेको देख्यो । उसले मन थाम्न सकेन । कुखुराले बाहिर नजाऊ भनेर ठूलो स्वरले कराउँदा कराउँदै पनि अटेर गरेर ऊ गोठबाट बाहिर निस्क्यो ।

हाँसको चल्ला पानीमा रूझ्दै हाँसको बथान भएतिर गयो । हाँस र उसका चल्लाहरू नजिकैको पोखरीतिर जान लागेका थिए । ऊ पनि ती हाँसको पछिपछि लाग्यो । हाँसको बथान पोखरीमा पुगेर पानीमा पौडी खेल्न थालेको देखेर उसलाई रमाइलो लाग्यो । ऊ पनि पोखरीको डिलमा गयो र पानीभित्र हेऱ्यो ।

पानीमा आफ्नो सक्कली रूप देख्दा ऊ दङ्ग पऱ्यो । ऊ त पोखरीमा पौडिरहेका अरू हाँसका चल्लाहरूजस्तै रहेछ । ऊ खुशीले चिच्यायो । ऊ चिच्याएको सुनेर बथानका हाँसका चल्लाहरू पनि जोडले कराए । ऊ छक्क पऱ्यो किनकि उसको स्वर पनि ती हाँसका चल्लाहरूसँग ठयाक्कै मिल्ने रहेछ ।

आफू पनि हाँस रहेछु भन्ने पूरा विश्वास भएपछि त्यो हाँसको चल्ला पानीमा पस्यो । उसले आफूलाई बडो हलुङ्गो महसुस गऱ्यो । उसले खुट्टा चलाउँदा ऊ सररर पानीमा अगाडि बढ्यो । यति सजिलोसित पानीमा यताउति जान सकिने थाहा पाएर ऊ खुशीले नाच्न थाल्यो । पानीभित्र माछा देखेर उसले डुबुल्की माऱ्यो र एउटा सानो माछा समातेर खायो ।

यतिञ्जेल उसलाई लिन भनेर कुखुरा पनि त्यहाँ पुगिसकेकी थिई । उसले परैबाट चल्ला पानीमा नाचिरहेको देखी । पहिले त ऊ चल्ला पानीमा डुबेर मर्ला भनेर आत्तिई । तर ऊ हाँसजस्तै पानीमा निर्धक्कसँग नाच्न, खेल्न र माछा समातेर खान थालेको देखेर उसलाई त्यो कुखुराको चल्ला होइन रहेछ, हाँसको चल्ला रहेछ भन्ने विश्वास भयो ।

हाँसको चल्ला पोखरीको माझमा पुगेर हाँसको बथानका चल्लाहरूसँग मिलेर पानीमा खेल्न थाल्यो । उसले पनि अरू चल्लाले झैँ पानीमा डुबुल्की मार्दै पानीभित्रका माछा, भ्यागुता र किरा खोज्न थाल्यो । यो देखेर अब हाँसको चल्ला बाँच्ने भयो भनेर कुखुरा ढुक्क भई । त्यसपछि कुखुराले पखेटा फटफटाएर ठूलो स्वरले कराउँदै त्यो हाँसको चल्लालाई सँधैको लागि बिदा दिई र विस्तारै गोठतिर फर्की ।


# जरूरी विज्ञप्ति

हरिप्रसाद प्रसाईंको नाति श्री नारायण प्रसाईंको छोरा जिल्ला झापा कन्काई नगरपालिका वडा नं. ३ बस्ने तपाई श्री राजेन्द्रप्रसाद प्रसाईंले म उर्वशी शर्मासँग कन्काई नगरपालिका वडा नं. ३ स्थित कित्ता नं. ८३९, ५४४७, ५३३१, ५३५५, ५३५३, ५३५७, ५३४९ का जग्गा खरिद गर्न २०७३/०९/१६ का मितिमा गरेको जग्गा खरिद शर्त करारनामा गरी बैना स्वरूप रू २,१४,६०,०००/- (अक्षरेपी दुई करोड चौध लाख साठी हजार मात्र) दिएको र करार अनुसार थप रकम, न त बाँकी रकम बुझाउन नसकेको, करारको अवधि सकिएपछि बारबार सूचना दिंदा पनि तपाईंले बेवास्ता गर्दैआएकोले तपाईंको तर्फबाट शर्त भङ्ग भएको हुँदा उक्त शर्त करारनामाको बुँदा नं. ६ अनुरूप शर्त भङ्ग गरेको १ वर्षभित्र भुक्तानी गरेको रकमको १०% क्षतिपूर्ति कटाइ फिर्ता गर्ने प्रावधान अनुसार रू. १,९३,१४,००० /- (एक करोड त्रियानब्बे लाख चौध हजार मात्र) दिनुपर्नेमा तपाईंले लिएको तपशिलका व्यक्ति महानुभावहरूसँगको ऋण चुक्ता गर्नुपर्ने बाध्यात्मक परिस्थिति पैदा गरिदिएकाले ६ जना महानुभावहरूलाई रू. ३,१८,५०,०००/- (अक्षरेपी तीन करोड अठार लाख पचास हजार मात्र) फिर्ता भइसकेको जानकारी गराइन्छ । साथै, तपाईंको हिसाबमा बढी पर्न गएको रकम रू १,२५,३६०००/- (अक्षरेपी एक करोड पच्चीस लाख छत्तीस हजार मात्र) आजको मितिले ९० दिन भित्र फिर्ता गर्नु हुन यो सूचना गराइन्छ ।

तपाईंले बुझाएको बैना रकमभन्दा कयौं गुणा रकम अनेक बहानामा विभिन्न व्यक्तिहरूसँग उठाएको रकम यो कारोबारसँग सरोकार नराखे ता पनि नैतिकताका आधारमा मैले उक्त रकम फिर्ता दिएको जानकारी गराइन्छ । तपाईंले शर्त करारअनुसार कारोबार गर्न नसकेपछि कानूनसम्मत काम नगरी समाजका अनेक व्यक्तिहरूलाई झुटो व्यथा सुनाउने, भ्रामक र गलत तथ्यबाट केही व्यक्तहरूलाई प्रभावित पारी मेरो विपक्षमा उतार्ने, तपाईंले आफ्नै प्रयोजनका निमित्त वर्षौं वर्षअघि देखि ऋण लिएका व्यक्तिहरू सबैलाई उक्त ऋणको पैसा सबै मलाई दिएको छ भन्दै मेरोविरूद्ध उक्साउने, मेरो कार्यालय र सवारीसाधन तोडफोड गर्ने, हुलहुज्जत गर्ने, भयत्रास सृजना गर्दै भौतिक रूपमै ज्यान हमला समेत गरी धम्क्याउने तथा मेरो मानहानी गर्ने जस्ता गैरकानूनी क्रियाकलाप गर्दा पनि सामाजिक सद्भाव नखल्बलियोस् भन्ने हेतुले व्यावहारिक तवरले कारोबारलाई मिलाउन खोजिएको मेरो प्रयास पनि बेवास्ता गरेकोले तपाईंको रबैय्या प्रति खेद प्रकट गर्दछु र साथै आज उप्रान्त फेरि यस्ता क्रियाकलाप गरेको पाइएमा कानूनी कारवाहीको प्रक्रिया अगाडि बढाइने यही सूचनामार्फत् जानकारी गराउन चाहन्छु ।

**तपशिल**

| क्र.स. | नाम, थर | ठेगाना | चुक्ता गरेको रकम |
|---|---|---|---|
| १ | टिका प्रसाद संग्रौला | कन्काई न. पा. ३ | १,००,००,००० /- |
| २ | राजेश प्रसाई | कन्काई न. पा. ३ | १,००,००,०००/- |
| ३ | गंगा प्रसाद उप्रेती | कन्काई न. पा. ७ | ५०,००,०००/- |
| ४ | डिल्लीराम संग्रौला | कन्काई न. पा. ३ | ४०,००,०००/- |
| ५ | रेवत पाठक | कन्काई न. पा. ३ | २२,००,०००/- |
| ६ | गोपाल कार्की | कन्काई न. पा. ३ | ६,५०,०००/- |
| | | फिर्ता गरेको कूल रकम | ३,१८,५०,०००/- |

नोट : हिसाबमिलानको सम्पूर्ण विवरण सक्कल कागजात सुरक्षित छन् ।

तपाईंसँग मिति २०७३/०९/१६ मा गरिएको शर्त करार कागजको शर्त नं. ७ अनुसार पटक-पटक जानकारी गराइए पनि सोही शर्त अनुरूप हामी बीचको शर्त करार अन्त्य भएको यो सूचना गरेको पुनः जानकारी गराउँदछु ।

**– उर्वशी शर्मा**




**हिजोको सुनचाँदीको दरभाउ**

| | |
|---|---|
| छापावाल सुन | रू. ५८,२००/- |
| तेजावी सुन | रू. ५७,९००/- |
| असल चाँदी | रू. ७६०/- |

प्रति तोलामा

सौजन्य
बालाजी ज्वेलर्स
बिर्तामोड, झापा
०२३-५४५८९१

**राशिफल**

**मेष** । काममा श्रम परे पनि मूल्यांकन राम्रै हुनेछ ।
**वृष** । बाध्यात्मक परिस्थिति पार लगाउन सकिनेछ ।
**मिथुन** । आस मारेको कामले उत्साह जगाउनेछ ।
**कर्कट** । शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ।
**सिंह** । मेहनतले पुरस्कार तथा उपहार दिलाउन सक्छ।
**कन्या** । व्यवसायमा मनग्ये फाइदा हुनेछ ।
**तुला** । समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ ।
**वृश्चिक** । नयाँ योजनाका लागि समय पर्खनुहोला ।
**धनु** । साथीभाइसँग व्यर्थै समय बित्न सक्नेछ ।
**मकर** । विभिन्न उपहार प्राप्त हुने समय छ ।
**कुम्भ** । आश्वासन दिनेहरूले झुक्याउन सक्छन् ।
**मीन** । आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ ।